नेपाल कम्युनिष्ट पार्टी (एमाले)

केन्द्रीय कमिटीको चौथो बैठकका निर्णयहरु

(प्रस्ताव)

१ **राजनीतिक प्रतिवेदन**

राजनीतिक प्रतिवेदनमाथि कमिटीका सदस्यहरूले नौवटा समूहमा अलग-अलग रहेर छलफल गर्नुभयो। समूहबाट प्राप्त उपयुक्त सुझावलाई अध्यक्षद्वारा मनन गरी प्रस्तुत प्रतिवेदन पारित गरियो।

२ **केन्द्रीय आयोगका काम**

केन्द्रीय सल्लाहकार परिषद्, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग र केन्द्रीय निर्वाचन आयोगका अध्यक्षले आ-आफ्ना आयोगका काम र अपेक्षाका बारेमा बैठकलाई जानकारी दिनुभयो। बैठकले उक्त जानकारीहरू ग्रहण गर्‍यो।

३ **आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको सन्दर्भमा**

आगामी ०७९ मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि उम्मेदवारको सिफारिस प्रक्रिया र उम्मेदवार छनौट मापदण्ड देहायबमोजिम हुनेछ।

क) **उम्मेदवारको सिफारिस प्रक्रिया**

— जिल्लाको सम्बन्धित प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटीको बैठकले प्रतिनिधिसभा सदस्यको उम्मेदवार सिफारिस गर्ने। एउटा मात्र निर्वाचन क्षेत्र रहेका जिल्लाहरूले जिल्ला कमिटीको बैठकबाट उम्मेदवार सिफारिस गर्ने। प्रदेशसभा सदस्यको उम्मेदवार सिफारिस पनि सोहीबमोजिम सम्बन्धित निर्वाचन क्षेत्र समन्वय कमिटीको बैठकले गर्ने। गरिएको सिफारिसमा सम्बन्धित जिल्ला कमिटी र प्रदेश कमिटीले आफ्नो अन्य राय भए सोसमेत उल्लेख गरेर सिफारिस गर्ने। सिफारिस माथिको अन्तिम निर्णय केन्द्रले गर्ने।

— प्रत्येक निर्वाचन क्षेत्रबाट तोकिएको मापदण्ड पूरा गरेका कम्तिमा एकजना महिलासहित तीनजना उम्मेदवारको नाम सिफारिस गर्ने। (स्मरणीय छः सिफारिस सिफारिसमात्र हो, अन्तिम निर्णय होइन। निर्णय नभएसम्म सिफारिसमा परेका कुनै पनि व्यक्तिले आफ्नो उम्मेदवारी पक्का भएजस्तो व्यवहार गर्न मिल्दैन।)

— समानुपातिकतर्फको बन्दसूचिका लागि उम्मेदवारको प्रस्ताव पठाउँदा **सन्तुलन, समावेशीता र अवसरको न्यायोचित वितरण**लाई समेत ध्यानमा राखी सम्बन्धित जिल्ला कमिटीको बैठकबाट सिफारिस गर्ने । उक्त सिफारिसमा सम्बन्धित प्रदेश कमिटीले आफ्नो अन्य राय भए सोसमेत उल्लेख गरेर सिफारिस गर्ने । स्मरणीय छ, केन्द्रले आवश्यक ठानेमा कुनै पनि तहको प्रत्यक्ष वा समानुपातिकतर्फको निर्णयमा पुनर्विचार गर्न सक्छ ।

— उम्मेदवार सिफारिस गर्ने अन्तिम मिति **२०७९ भदौ २० गते** हुनेछ । तसर्थ, सम्बन्धित कमिटीहरूले सोहीअनुसार सिफारिस प्रक्रिया आरम्भ गरिसक्नु पर्नेछ ।

**ख) उम्मेदवारको छनौट मापदण्ड :**

उम्मेदवार छनोटको मापदण्ड निम्नानुसार हुनेछ ।

— पार्टी नीति र कार्यक्रमप्रतिको प्रतिबद्धता,

— लोकप्रियता र विजयको सुनिश्चितता,

— पार्टीप्रतिको निष्ठा र आन्दोलनमा योगदान,

— सन्तुलन र समावेशिता,

— निर्वाचन कानुनबमोजिमको योग्यता ।

**ग) व्यक्तिगत आकाङ्क्षा, उम्मेदवारको सिफारिस र अवसरको न्यायोचित वितरण**

— **'समानुपातिक मत'** भनेको पार्टीको लोकप्रियतामा प्राप्त हुने मत हो । यसमा सिङ्गो पार्टीपङ्तिको योगदान रहेको हुन्छ । समानुपातिक मत **'सामूहिक कमाई'** हो । तसर्थ, समानुपातिकतर्फको बन्दसूचि तयार गर्दा **'सबै मिलेर कमाउने र दामाशाहीमा वितरण गर्ने'** भन्ने पक्षलाई ध्यान दिइनुपर्छ । 'दामाशाही वितरण' भनेको प्राप्त अवसरको न्योचित वितरण हो । त्यसैले समानुपातिक वा कुनै पनि अप्रत्यक्ष निर्वाचन प्रणालीबाट प्रतिनिधित्व हुने स्थानमा **एकचोटी उक्त अवसर प्रयोग गरेका** पार्टीका नेता, कार्यकर्ता वा समर्थकहरूलाई आमरूपमा दोहऱ्याउनु हुन्न । यस्ता क्षेत्रमा 'पालैपालो' वितरण प्रणाली लागु गरिनुपर्छ ।

— स्थानीय तह वा कुनै पनि तहका बहालवाला जनप्रतिनिधिलाई राजीनामा गराएर प्रतिनिधिसभा वा प्रदेशसभामा उम्मेदवार सिफारिस आमरूपमा गर्नहुन्न । यहाँ पनि 'अवसरको न्यायोचित वितरण'को पक्ष आकर्षित हुन्छ ।

— पछिल्लोपटक भएका कुनै पनि तहको निर्वाचनमा पराजित उम्मेदवारहरू कसैलाई पनि प्रदेशसभा वा प्रतिनिधिसभाको प्रत्यक्ष वा समानुपातिकतर्फको उम्मेदवार बनाउनु उपयुक्त हुन्न । तर जनाधार भएका र निर्वाचन प्रयोजनलाई समेत ध्यानमा राखी अन्य पार्टीबाट प्रवेश गराइएकाहरूको हकमा विशेष निर्णय लिनु उपयुक्त हुन्छ ।

— **प्रत्यक्ष** निर्वाचित हुने क्षेत्रमा '**कतिपटक उम्मेदवार**' भन्ने तर्क व्यहारिक हुन्न । त्यहाँ पार्टीको जनाधारमात्र होइन निर्वाचन दाउपेच, आवश्यकता र लोकप्रियताको पक्षलाई समेत ख्याल गरिन्छ । समानुपातिक वा अप्रत्यक्ष निर्वाचन हुने स्थानमा जस्तो त्यहाँ निश्चित मत र पहिचान भएका मतदातामात्र हुँदैनन् । प्रत्यक्ष निर्वाचनमा प्रभावित हुने मतदाताको अर्थ रहन्छ । त्यसैले प्रत्यक्ष निर्वाचनमा सबै कुराका अतिरिक्त '**जित्ने सम्भावना बढी र संसदीय भूमिका प्रभावकारी भएका**'लाई नै उम्मेदवार बनाइन्छ । यो निर्वाचनको रणनीतिसँग सम्बन्धित विषय पनि हो ।

— त्यसैले पार्टीले नेता/कार्यकर्ता र आम समर्थक/शुभेच्छुकहरूमा रहेको जन-अनुमोदित हुन प्रतिस्पर्धामा सामेल हुने चाहनालाई स्वभाविक मान्दछ र प्रोत्साहित पनि गर्नुपर्छ । तर केहीमा रहेको '**ममात्र जित्छु, मैमात्र योग्य**'को मनोकाँक्षा अहिलेको चुनौतिपूर्ण समयमा उपयुक्त होइन । तसर्थ, हामी सबैले सबैभन्दा पहिले प्रत्यक्ष निर्वाचनमा '**मभन्दा बढी लोकप्रिय**' कमरेड को हो भन्ने खोजी गर्नु आवश्यक छ । अपरिहार्यता होइन, अपवाद भने सबै स्थानमा हुन्छ ।

ग) **निर्वाचनआधारित कमिटी सञ्जाल र योजना**

— आसन्न निर्वाचनलाई ध्यानमा राखी युवा कार्यकर्ताकेन्द्रित **निर्वाचन परिचालन बुथ कमिटी** गठन गर्ने । यस कमिटीमा खासगरी **अनेरास्ववियु, राष्ट्रिय युवासंघ, खेलकूद महासंघ र जिफण्ट, भुपु सैनिक प्रहरी संगठन**का युवाहरू रहेको १५ देखि २५ जनासम्मको कमिटी सञ्जाल निर्माण गर्ने । स्थान र सक्रियता हेरी अन्य जनसंगठनका प्रतिनिधिहरूलाई पनि यसमा सामेल गर्ने ।

— पार्टी केन्द्रले विशेष परिभाषित जिम्मेवारी तोकेकोमा बाहेक विभागीय र जनसंगठन सञ्चालनको जिम्मेवारीमा रहेका कमरेडहरू सम्बन्धित भूगोलमै निर्वाचन परिचालनमा केन्द्रित हुने ।

— स्थानीय निर्वाचनमा प्रत्येक कमिटीका सदस्यलाई घरधुरी बाँडी परिचालन गर्ने नीति अघि सारिएको थियो । त्यसलाई अझै प्रभावकारी बनाउने । पार्टीलाई बहुमतमा पुऱ्याउन आवश्यक पर्ने ६ प्रतिशत मत बृद्धिका लागि अब हरेक पार्टी सदस्यले **नयाँ २ भोट थप्ने ५ भोट संरक्षण गर्ने** नीति आमरूपमा अघि बढाउने ।

— अन्य निर्वाचनसम्बन्धी योजना छुट्टै पठाइनेछ, त्यसलाई कडाइका साथ लागू गर्ने ।

## ४ छानवीन कार्यदलको प्रतिवेदन

स्थानीय तह निर्वाचनका सम्बन्धमा विभिन्न व्यक्तिका विरूद्ध परेका उजुरीहरू र त्यसमाथिको छानवीन कार्यदलको कामका बारेमा संयोजक उपाध्यक्ष बिष्णुप्रसाद

पौडेलले बैठकलाई जानकारी गराउनुभयो । कार्यदलको काम नसकिएसम्म जारी रहनेछ ।

५ **दोहोरिएका सदस्यता नम्बरको व्यवस्थापन**

अहिले संगठन विभागले सदस्यहरूको विवरण अध्यावधिक गरिरहेको छ । यसक्रममा करिब ५२ हजार ५५० सदस्यहरूको नम्बर दोहोरिएको भेटियो । यसलाई व्यवस्थित नगर्दा दोहरिएका सदस्यहरूमध्ये सबैभन्दा पुरानो सदस्यको नम्बर कायम राखी बाँकी सदस्यहरूलाई विशेष नम्बर दिने र त्यस्तो विशेष नम्बर १४ लाख ३१ हजारबाट १५ लाखसम्मको क्लस्टरमा व्यवस्थित गरिनेछ ।

६ **केन्द्रीय कमिटीको तेस्रो बैठकपछि भएका निर्णयहरूको अनुमोदन**

केन्द्रीय कमिटीको तेस्रो बैठकपछि सचिवालयको ५ वटा बैठक सम्पन्न भएका छन् । सचिवालयको १०औं बैठकसम्मका निर्णयहरू अन्तरपार्टी निर्देशनको रूपमा जारी भइसकेका छन् । व्यवहारतः कार्यान्वयनमा आइसकेकाले ती निर्णयहरू र सचिवालयको एघारौं बैठकले गरेका निर्णयहरू अनुमोदन गरिएको छ ।

— **निर्वाचन घोषणा-पत्र मस्यौदा कार्यदल**

— **केन्द्रीय निर्वाचन परिचालन कमिटी**

— **१२ विभागहरूको सचिवहरूको मनोनयन र तीन विभाग विस्तार**

— **स्थानीय तह विकास विभागको निर्देशिका र नीति अनुसन्धान प्रतिष्ठानको कार्यविधि**

— **पार्टीको वार्षिक बजेट**

— **पार्टी प्रवेश गरेकाहरूको व्यवस्थापनको कामसम्बन्धी प्रस्ताव**

— **केन्द्रीय सल्लाहकार परिषदमा मनोनयन** : क. कुलभक्त शाक्य (काठमाडौं), डिबी नेपाली (कास्की) र नवराज पौडेल (बाग्लुङ), प्रेमबहादुर कुँवर (अछाम) र श्याम सुन्दर शेर्पा (काठमाडौं) ।

— **केन्द्रीय कमिटीमा मनोनयन** : जीवन गौतम (दाङ), ब्रिजेश गुप्ता (कपिलवस्तु), धर्मदत्त देवकोटा (काठमाडौं) र अमृत राजवंशी (झापा) ।

— छ जना केन्द्रीय सदस्य कमरेडहरूको **जिम्मेवारीमा गरिएको सामान्य हेरफेर**

७ **विविध**

क) **भारत प्रवासको कामलाई व्यवस्थित गर्न नियमावली निर्माण ।**

**संयोजक** - खगराज अधिकारी

**सदस्यहरू** - राजन भट्टराई

- रमेश बडाल
- हरी घिमिरे

ग) प्रतिष्ठानको कामलाई व्यवस्थित गर्न नियमावली निर्माण

**संयोजक** - खगराज अधिकारी
**सदस्यहरू** - सीता गिरी
- रमेश बडाल
- शान्ति अधिकारी

घ) मनोनित केन्द्रीय सदस्यहरूको कार्यविभाजन
धर्मदत्त देवकोटा - सहइञ्चार्ज, बागमती प्रदेश
ब्रिजेश गुप्ता - सहइञ्चार्ज, लुम्बीनी प्रदेश
जीवन गौतम - सहइञ्चार्ज, लुम्बीनी प्रदेश
अमृतलाल राजवंशी - सहइञ्चार्ज, झापा जिल्ला

ङ) **प्रतिनिधिसभा सदस्य निर्वाचन, २०७९ र प्रदेशसभा सदस्य निर्वाचन, २०७९ को सम्बन्धमा विशेष प्रस्ताव**

मिति २०७९ मंसिर ०४ गते सम्पन्न हुने पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको उम्मेदवारी पार्टीले निर्धारण गरेको मापदण्ड पुरा भई प्रचलित निर्वाचन कानुनबमोजिम योग्य उम्मेदवारहरुको चयन गरी औपचारिक मनोनयन/ बन्दसूचीको निर्णय गर्ने अधिकार केन्द्रीय कमिटीको तर्फबाट पार्टीको केन्द्रीय सचिवालयलाई दिने निर्णय गरियो। प्रचलित निर्वाचन कानूनबमोजिम औपचारिक मनोनयन-पत्र दिन र उम्मेदवारको बन्दसूची पेश गर्न दलको केन्द्रीय कमिटीको तर्फबाट पार्टीका केन्द्रीय अध्यक्ष एवम् दलका प्रमुख पदाधिकारी श्री **केपी शर्मा ओली**लाई अख्तियारी दिने निर्णय गरियो।

च) सदस्यता सूचीमा नाम समावेश गर्न छुट भएका सदस्य कमरेडहरूको नाम सदस्यता सूचीमा सामेल गर्ने। (खासगरी महोत्तरीको सदस्यता छुट सम्बन्धमा)